बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा

चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- ०७६।०७७
चलानी नं. :- .........

---

मिति : २०७६।१२।२९

# प्रेस विज्ञप्ति

बिश्वमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) बाट यो बिज्ञप्ती तयार गर्दा सम्म विश्वमा १६ लाख ९९ हजार ६ सय ३१ जना संक्रमित भएका , उपचार पछी निको भएका ३ लाख ७६ हजार ३ सय सत्ताइ र मृत्यु हुनेको संख्या १ लाख २ हजार ७ सय ३४ जनाको मृत्यु भैसकेका छ । यस महामारी बाट बच्न नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्युु गर्दा नाक र मुख छोप्ने , जंगली र घरपालुवा पशुपंक्षी संगको असुरक्षित सम्पर्कबाट टाढा रहने , ज्वरो आउने, खोकी लाग्ने ,सास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा परामर्श लिने, हात नमिलाउने, अंकमाल नगर्ने, कम्तीमा १ मिटर सामाजिक दुरी कायम गर्ने जस्ता कार्य गर्न हुन सम्पूर्ण गाउँपालिका बासीमा पुन अनुरोध गर्दै लकडाउन पुर्ण रुपमा पालना गर्न अति आवश्यक काम बाहेक घर बाहीर ननिस्कन एवं नजिकै आइरहेको बिशौ पर्वको अवसरमा मेला, उत्सव, तडकभडक, भिडभाड नगर्न नगराउनुका साथै काचो मासु नखान तथा मासु राम्रो संग पकाएर मात्र खानहुन सम्पूर्ण गाउँपालिका बासीमा बिनम्र अनुरोध गर्दछु ।
हाल सम्म विदेश बाट आएका तथा क्वारेन्टाइनमा बसेका ब्यक्तिहरुको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी गराउदै मिति २०७६ चैत्र २८ गते कोरोना भाइरसको (COVID 19) को र्‍यापिड डाइग्नोस्टीक टेष्ट (Rapid Diagnostic Test) केदारअखडा प्राथमिक स्वास्थ्य केन्द्रमा गरिएको थियो । जसमा वडा नं. २ को कृष्णधौचणी आ.वि. वारेन्टाइनमा रहेका २५ जना, केदारअखडा मा.वि. क्वारेन्टाइनमा रहेका १९ जना, वडा नं. ३ को पल्चौड पल्मा क्वारेन्टाइनमा रहेका १४ जना, भगवतेश्वर मा.वि. क्वारेन्टाइनमा रहेका ८ जना, नापानी क्वारेन्टाइनमा रहेका ५ जना, वडा नं. १ मष्टामाण्डौ आ.वि. क्वारेन्टाइनमा रहेका १२ जना गरि ८३ जना र होम क्वारेन्टाइनमा रहेका वडा नं. ३ का ५ जना, वडा नं. ४ का ५ जना, वडा नं. ५ का ३ जना, वडा नं. १ का ३ जना र अन्य १ जना गरी १७ जना गरि जम्मा १०० जनाको र्‍यापिड डाइग्नोस्टीक टेष्ट (Rapid Diagnostic Test) गरियो । जसमा सतप्रतिशत अथवा १०० जनाको रिपोर्ट नेगेटिभ आएको यसै प्रेस विज्ञप्ति मार्फत जानकारी गराउदछु ।

आफु पनि बँचौ र अरुलाई पनि बचाँउ ।

प्रेम बहादुर बोगटी
स्वास्थ्य संयोजक